नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# जिल्ला विकास समितिको कार्यालय
सप्तरी, राजबिराज

पत्र संख्या : ०७३ ०७४
चलानी नं : ९८२६

मितिः २०७३/१०/११

श्री सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय
ग्रामीण विकास समन्वय शाखा
सिंहदरबार काठमाण्डौ नेपाल

विषय : प्रगति प्रतिवेदन पठाइएको बारे ।

उपरोक्त सम्बन्धमा यस जिल्ला विकास समितिको समन्वयमा जिल्लामा सञ्चालित बहुक्षेत्रीय पोषण योजना ( MSNP) अन्तर्गत यस कार्यालिय तथा बिभिन्न विषयगत कार्यालयहरुले सञ्चालन गरेको कार्यक्रमहरूको चालु आर्थिक बर्ष श्रावण देखि पौष मसान्त सम्मको अर्धबार्षिक प्रगति प्रतिवेदन यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

सहयोगकोको लागि धन्यवाद ।

१०/११

(सुदेव कुमार पोखरेल)
स्थानीय विकास अधिकारी

स्थानीय विकास अधिकारी

# बहुक्षेत्रीय पोषण योजना

## प्रगति प्रतिवेदन

(प्रतिवेदन अवधि २०७३ साल श्रावणदेखि पौष मसान्तसम्म)

जिल्ला विकास समितिको कार्यालय,
सप्तरी

# १. पृष्ठभूमि :

पूर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलमा पर्ने ६ जिल्लाहरुमध्ये दक्षिण पूर्वी तराई क्षेत्रमा अवस्थित सप्तरी जिल्ला बहुक्षेत्रीय पोषण योजना लागु भएको २८ जिल्ला मध्ये एक हो । समाजका सबै तहमा देखिने पोषणको स्थितिमा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारले ५ वर्षे बहुक्षेत्रीय पोषण योजना (२०६९-२०७३) कार्यान्वयनमा ल्याएको हुदाँ यस सप्तरी जिल्लामा विगत १ बर्ष (२०७२।०७३) देखि बहुक्षेत्रीय पोषण योजना अर्न्तगत कार्यक्रमहरु संचालन भई रहेको छ । यसको कार्यान्वयनमा जिल्ला विकास समितिको अगुवाईमा जिल्लास्थित बिषयगत निकायहरु जिल्ला जनस्वास्थ्य कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रहेको छ । बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको क्रममा मिति २०७२।११।१७ गते निमित्त स्थानीय विकास अधिकारी नवराज खड्काको अध्यक्षतामा बसेको बैठकमा भएको निर्णय अनुसार ०७२।०७३ मा ६ वटा गा.वि.स र ०७३।०७४ मा थप २८ वटा गा.वि.स गरी कूल ३४ वटा गाविसमा कार्यक्रम संचालन भईरहेको छ ।

**गाविस छनोटका आधार :-**

- सुनौला हजार दिन कार्यक्रम लागु नभएका गाविसहरु
- स्वास्थ्यका सूचक न्यून रहेका गाविसहरु
- सीमा क्षेत्रका गाविसहरु
- सबै निर्वाचन क्षेत्रलाई समेटिने गाविसहरु
- गाविस छनौटका समयमा खुल्ला दिशा मूक्त घोषणा नभएका गाविस

यस जिल्लामा बहुक्षेत्रीय पोषण योजना लागु भएको ३४ गाविसहरुमा २ वर्ष भन्दा कम उमेर भएको बच्चाको अनुमानित संख्या ८ हजार १५९ र गर्भवती महिलाको अनुमानित संख्या ४ हजार ६४२ रहेको छ ।

# २. बजेट प्रक्रिया (गत. आ. व.)

अघिल्लो आर्थिक वर्ष (०७२।०७३) मा जम्मा रु ७४,०३,०००।०० (चौहत्तर लाख तीन हजार मात्र) प्राप्त भएको र जिल्ला विकास समितिको हकमा १०,१५,०००।०० (दश लाख पन्द्र हजार मात्र) महिला तथा बालबालिका कार्यालयको १०,०३,०००।०० (दश लाख तिन हजार मात्र), शिक्षा कार्यालयको १२,५७,०००।०० (बाह्र लाख सन्ताउन्न हजार मात्र), कृषि विकास कार्यालयको १०,२५,०००।०० ( दश लाख पचिस हजार मात्र), पशु सेवा कार्यालयको

१४,२८,०००।०० (चौध  लाख अठाईस हजार मात्र), जिल्ला खानेपानी तथा सरसफाई कार्यालयको १६,७५,०००।०० (सोह्र  लाख पचहत्तर हजार मात्र) रहेको र विषयगत कार्यालयहरूले सम्पन्न गरेका क्रियाकलापहरूमा आधारित बजेट विनियोजन तथा खर्चको विवरण यस प्रकार रहेको छ :-

**जिल्ला विकास समितिको कार्यालय :-**

विनियोजन भएको रकम :- १०,१५,०००।००

खर्चको विवरण :-

| **क.सं** | **क्रियाकलाप** | **बजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | विषयगत कार्यलयहरुमा पोषण सम्बन्धी कार्यक्रम हेर्न सम्पर्क व्यक्ति तोक्ने | ०।०० | |
| २ | वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई पोषण सम्बन्धी २ दिने तालिम | ३९००००।०० | |
| ३ | स्थानीय निकायको सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम | २०००००।०० | |
| ४ | पोषण सम्बन्धी सुचना शिक्षा तथा सञ्चार सामाग्री निर्माण तथा वितरण | १०००००।०० | |
| ५ | बहुक्षेत्रीय पोषण सम्बन्धी एकिकृत तालिम म्यानुअल तयारी | ६५०००।०० | |
| ६ | स्थानीय एफएम रेडियोबाट बहुक्षेत्रीय पोषण सम्बन्धी सन्देशमूलक सामाग्री निर्माण तथा प्रशारण | १०००००।०० | |
| ७ | बहुक्षेत्रीय पोषण सम्बन्धी सूचना संकलन र एकिकरण (DPMAS) | १००००।०० | |
| ८ | एकिकृत अनुगमन तथा निरिक्षण | १०००००।०० | |
| ९ | वार्षिक समिक्षा गोष्ठी तथा प्रगति प्रतिवेदन तयारी तथा पेश | ५००००।०० | |
| | **जम्मा** | **१०,१५,०००।००** | |

**जिल्ला महिला तथा बालबालिका कार्यालय :-**

विनियोजन भएको रकम_:- १०,०३,०००।००

जिविस बाट प्राप्त पेश्की:-५,१३,०००।००

खर्चको विवरण :-

| क.सं | क्रियाकलाप | बजेट | कैफियत |
|---|---|---|---|
| १ | बाल विवाह विरुद्ध सडक नाटक | ९००००।०० | |
| २ | सासु बुहारी अन्तरक्रिया तथा महिला पुरुष सम विकास कार्यक्रम | २०६०००।०० | |
| ३ | ६ वटा गाविसमा समुह गठन | २१७०००।०० | |
| | जम्मा | **५१३०००।००** | |

**जिल्ला शिक्षा कार्यालय :-**

विनियोजन भएको रकम_:- १२,५७,०००।००

जिविस बाट प्राप्त पेश्की:- ०।००

खर्चको विवरण :-

जिल्ला शिक्षा कार्यालयद्वारा जिविसबाट रकम निकासा नलिएको र बहुक्षेत्रीय पोषण योजना अर्न्तगत कुनै पनि कार्यक्रमहरु संचालन नभएको ।

**जिल्ला कृषि विकास कार्यालय :-**

विनियोजन भएको रकम_:- १०,२५,०००।००

जिविस बाट प्राप्त पेश्की:- ५,१२,३००

खर्चको विवरण :-

| क.सं | क्रियाकलाप | बजेट | कैफियत |
|---|---|---|---|
| १ | तरकारी कम्पोजिट किट वितरण | ४,८२,३००।०० | |
| २ | अनुगमन तथा प्रतिवेदन | ३०,०००।०० | |
| | जम्मा | **५,१२,३००।००** | |

**जिल्ला पशु सेवा कार्यालय :-**

विनियोजन भएको रकम_:- १४,२८,०००।००

जिविस बाट प्राप्त पेश्की:- ७,१४,०००।००

खर्चको विवरण :-

बजेट निकासा ढिलाई अषाढमा भएकोले कार्यक्रम संचालन हुन नसकेको ।

<u>**जिल्ला खानेपानी तथा सरसफाई कार्यालय :-**</u>

विनियोजन भएको रकम_:- १६,७५,०००।००

जिविस बाट प्राप्त पेश्की:- ८,३७,५००।००

खर्चको विवरण :-

| क.सं | क्रियाकलाप | बजेट | कैफियत |
|---|---|---|---|
| १ | साबुन पानिले हात धुने अभियान | ५,९७,५००।०० | |
| २ | सरसफाई सम्बन्धि गर्भवती, किशोरकिशोरी र उपभोक्ता समुहलाई तालिम | | |
| ३ | खानेपानीका समितिलाई पोषण तथा पुड्कोपनाको तालिम | | |
| ४ | गाविस स्तरीय साझेदारको गाविस अनुगमन | | |
| ५ | पोषण सम्बन्धि सडक नाटक | २,४०,०००।०० | |
| | **जम्मा** | **८,३७,५००।००** | |

## ३. यो आर्थिक वर्षको बजेट प्रक्रियाका निर्देशनहरू (अख्तियारी) र कार्यक्रम तर्जुमा :

- सबै विषयगत कार्यालयहरूले बहुक्षेत्रीय पोषण योजना अर्न्तगतका कार्यक्रम तयार गरेको तथा सबै क्रियाकलापहरू बैशाख मसान्तभित्र पूरा हुने गरि कार्ययोजना तथा बजेट जिविस मा पेस गरिएको छ ।

- सबै विषयगत कार्यालयहरूलाई छुट्याईको बजेटका आधारमा विभिन्न क्रियाकलापहरू कार्यान्वयनको कार्ययोजना तथा बजेट तयार गरिए अनुसार FACE फारम भरेर मिति २०७३।१०।०५ गतेका दिन युनिसेफमा पठाइएको छ ।

## ४. यस आर्थिक वर्षको विषयगत कार्यालयहरूको भौतिक प्रगति (गतिविधिहरू) :

- गत आर्थिक बर्षको बार्षिक समिक्षा मिति २०७३।०९।२४ गतेका दिन सम्पन्न गरियो । जिल्लास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति तथा सरोकारवालाहरु समक्ष विषयगत कार्यालयका सम्पर्क व्यक्तिहरुद्वारा प्रस्तुतिकरण गरियो ।
- विषयगत कार्यालयहरुले चालु आर्थिक बर्ष २०७३।७४ का लागी राष्ट्रिय योजना आयोगद्वारा निर्देशन भए बमोजिम बहु क्षेत्रिय पोषण योजना अर्न्तगतका कार्यक्रमहरु तथा विस्तृत बजेट तयार गरी जिल्ला बिकास समितिको कार्यालयमा पेश गरिएको तथा सो कार्यक्रम जिल्लास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिबाट पारित भई कार्यान्वयनका लागी आवश्यम रकम युनिसेफसँग माग समेत गरिएको छ ।
- जिविसको हकमा रकम निकासा भइसकेको छ ।
- जिल्ला स्तरमा गाविसका सचिव, सामाजिक परिचालक, प्राविधिक सहायक, जिल्लाका सरोकारवाला, राजनीतिक दलका प्रतिनिधि, संचारकर्मी र जिल्ला स्तरमा रहेका बाल संजालका सदस्य तथा प्रतिनिधिहरुका लागि बहुक्षेत्रीय पोषण योजना सम्बन्धी २ दिने तालिम सम्पन्न गरिएको छ । यस तालिममा सहभागी भएका २२२ जनामध्ये १६७ जना पुरुष र ५५ जना महिला रहेका थिए ।

  यो तालिमले सबै सहभागीलाई पोषणमा सचेत गराएको छ र तालिम पछि गाविसहरुमा सम्पन्न एकीकृत योजना तर्जुमा समितिको बैठकले पोषणका सबालहरुलाई समेत सम्बोधन गरी योजनामा समावेश गरेको पाइएको छ । सबै गाविसबाट गाउँ परिषद्को प्रतिवेदन भने आउँन बाँकी रहेको छ ।

जिल्लामा सम्पन्न भएका बैठक तथा कार्यक्रमको बिस्तृत विवरण

| क्र. सं | बैठक/अभिमुखिकरण को किसिम | मिति | दिन | जम्मा सहभागी | प्रस्ताव | निर्णय | प्रतिफल |
|---|---|---|---|---|---|---|---|
| १. | जिल्लास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिती | २०७३।०८।१५ | १ | २३ | सुनौला हजार दिन र बहुक्षेत्रीय पोषण योजनाको विगतमा भएको कार्यक्रमको जानकारी र प्रगति समिक्षा गर्ने सम्बन्धमा | संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय ग्रामिण बिकास समन्वय शाखा एवम् आयोजना संयोजक बिजयराज सुबेदी (उप-सचिब) को उपस्थितिमा सुनौला हजार दिन र बहुक्षेत्रीय पोषण योजनाको विगतमा भएको कार्यक्रमको जानकारी र प्रगति समिक्षा गरियो । | |
| | | | | | पेश्की फछ्र्यौट सम्बन्धमा | गत आ.ब.को बाँकी रहेको पेश्की फछ्र्यौटतर्फ सुनौला हजार दिन आयोजनाको हकमा २०७३ मंसिर मसान्तभित्र र बहुक्षेत्रीय पोषण योजनाको हकमा २०७३ मंसिर २५ गते सम्ममा फछ्र्यौट गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । | |
| | | | | | प्रतिवेदन सम्बन्धमा | उक्त दुबै कार्यक्रमको प्रगति बिबरण मासिक, चौमासिक रुपमा मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने निर्णय गरियो । | |
| | | | | | विषयगत कार्यालयहरु लाई बहुक्षेत्रीय पोषण योजनातर्फको बजेट | विषयगत कार्यालयहरुलाई बहुक्षेत्रीय पोषण योजनातर्फको बजेट सिलिङ्ग पठाउने र सोहि अनुसार विषयगत कार्यालयहरुबाट कार्यक्रम | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सिलिङ्ग पठाउने र कार्यक्रम माँग गर्ने सम्बन्धमा | पेश गर्ने गरी स्वीकृत भए बमोजिमका समय भित्र कार्यक्रम सम्पन्न गर्ने गरी संचालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । | |
| | | | | | बहुक्षेत्रीय पोषण योजनातर्फ खटी आउनु भएको जिल्ला संयोजक र योजना, अनुगमण र व्यवस्था अधिकृतको परिचय सम्बन्धमा | बहुक्षेत्रीय पोषण योजनातर्फ खटी आउनु भएको जिल्ला संयोजक संजिब लामा घिसिङ्ग र योजना, अनुगमन र सूचना व्यवस्थापन अधिकृत मनिष कुमार ठाकुरको परिचय गरियो । | |
| २. | जिल्लास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिती | २०७३।०८।१६ | १ | २७ | बहुक्षेत्रीय पोषण योजनाको पेश्की फछ्र्यौट सम्बन्धमा | बहुक्षेत्रीय पोषण योजनातर्फ आ.वा २०७२।७३ मा विभिन्न विषयगत कार्यालयहरुलाई दिईएको पेश्की ७ दिनभित्र फछ्र्यौट गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । | |
| | | | | | विषयगत कार्यलयहरुलाई बहुक्षेत्रीय पोषण योजना तर्फको बजेट सिलिङ्ग पठाउने र कार्यक्रम माँग गर्ने सम्बन्धमा | जिविसले विषयगत कार्यालयहरुलाई बहुक्षेत्रीय पोषण योजना तर्फको बजेट सिलिङ्ग ७ दिनभित्र पठाउने र सोहि अनुसार विषयगत कार्यालयहरुबाट कार्यक्रम पेश गर्ने गरी स्वीकृत भए बमोजिमका समयभित्र कार्यक्रम सम्पन्न गर्ने गरी संचालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बहुक्षेत्रीय पोषण योजनाको २०७२।७३ को बार्षिक समिक्षा सम्बन्धमा | बहुक्षेत्रीय पोषण योजनाको २०७२।७३ को बार्षिक समिक्षा २०७३।०८।२४ गते सम्पन्न गर्ने निर्णय गरियो । | |
| | | | | | प्रतिवेदन सम्बन्धमा | कार्यक्रमको प्रगति बिबरण मासिक, चौमासिक प्रतिवेदन समय भित्र जिविसमा पठाउने । मासिक प्रगति प्रतिवेदन प्रत्येक महिनाको ३ गते भित्र जि.वि.स मा पेश गर्ने निर्णय गरियो । | |
| ३ | बहुक्षेत्रीय पोषण योजनाको २०७२।७३ को बार्षिक समिक्षा | २०७३। ०८।२४ | १ | ३१ | | बिभिन्न बिषयगत कार्यालयहरुबाट गत आ.ब. २०७२।७३ मा सम्पन्न कार्यक्रमहरुको समिक्षा गरियो । | |
| ४. | गा.वि.स सचिव तथा सामाजिक परिचालकहरुका लागि बहुक्षेत्रीय पोषण योजना सम्बन्धि तालिम | २०७३। ०८।२६ -२७ | २ | ३४ | | | ३४ जना सहभागी लाभान्वित |
| ५. | गा.वि.स सचिव तथा सामाजिक परिचालकहरुका लागि बहुक्षेत्रीय पोषण | २०७३। ०८।२८ -२९ | २ | ४६ | | | ४६ जना सहभागी लाभान्भित |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | योजना सम्बन्धि तालिम | | | | | | |
| ६. | गा.वि.स सचिव तथा सामाजिक परिचालकहरुका लागि बहुक्षेत्रीय पोषण योजना सम्बन्धि तालिम | २०७३।०८।३० -०१ | २ | ४० | | | ४० जना सहभागी लाभान्भित |
| ७. | राजनीतिकर्मी, सरोकारवालाहरु तथा पत्रकारलाई बहुक्षेत्रीय पोषण योजना सम्बन्धि तालिम | २०७३।०९।०२ -०३ | २ | ३५ | | | ३५ जना सहभागी लाभान्भित |
| ८. | गा.वि.स सचिव तथा सामाजिक परिचालकहरुका लागि बहुक्षेत्रीय पोषण योजना सम्बन्धि तालिम | २०७३।०९।०४ -०५ | २ | ४४ | | | ४४ जना सहभागी लाभान्भित |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | जिल्ला बाल क्लब संजालका पदाधिकारी/सदस्यहरु को हरुका लागि बहुक्षेत्रीय पोषण योजना सम्बन्धि तालिम | २०७३। ०९।०६ -०७ | २ | २३ | | | २३ जना सहभागी लाभान्भित |
| १०. | जिल्लास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिती | २०७३। ०९।१३ | १ | २६ | बहुक्षेत्रीय पोषण योजनाको २०७३।७४को जि.वि.स बाट संचालित भई सम्पन्न भएको २ दिने तालिमबाट प्राप्त सुझाव सम्बन्धमा | बहुक्षेत्रीय पोषण योजनाको २०७३।७४ को जि.वि.स बाट संचालित भई सम्पन्न भएको बहुक्षेत्रीय पोषण योजना सम्बन्धि २ दिने तालिमबाट प्राप्त सुझावहरुमाथि छलफल गरियो । साथै प्राप्त सुझावहरु कार्यान्वयन गर्दै जाने निर्णय गरियो । | |
| | | | | | बहुक्षेत्रीय पोषण योजनाको पेश्की फछ्र्यौट सम्बन्धमा | गत आ.व. २०७२।७३ मा बहुक्षेत्रीय पोषण योजनातर्फ निकासा भएको पेश्की फछ्र्यौट नभएकोले मिति २०७३।०९।१९ गतेभित्र पेश्की फछ्र्यौट गर्ने र सो समयभित्र सम्बन्धित विषयगत कार्यालयले चालु आ.ब.को लागि कार्यक्रम समेत पेश गर्ने निर्णय गरियो । | |
| | | | | | प्रतिवेदन सम्बन्धमा | सम्बन्धित विषयगत कार्यालयहरुबाट मासिक रुपमा प्रगति प्रतिवेदन प्राप्त नभएकोले | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | तोकिएकको समय सिमा भित्र अनिवार्य रुपमा मासिक प्रगति प्रतिवेदन जिविसमा पठाउने निर्णय गरियो । | |
| ११. | जिल्लास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिती | २०७३। ०९।१९ | १ | २८ | गा.वि.स सम्बन्धमा | ३४ बहुक्षेत्रीय पोषण योजना लागु भएका गाविसहरु मध्ये युनिसेफको आर्थिक तथा प्राविधिक सहयोग र जिविस महासंघको प्राविधिक सहयोगमा ५ वटा नमुना गाविसको रुपमा छनोट कार्य संचालन गर्ने निर्णय गरियो । | |
| | | | | | बहुक्षेत्रीय पोषण योजनाको चालु आ.व २०७३।७४को कार्यक्रम स्वीकृत सम्बन्धमा | चालु आ.व २०७३।७४ मा संचालन हुने बहुक्षेत्रीय पोषण योजना कार्यक्रम कार्यान्वयनका लागी पेश भए बमोजिमका कार्यक्रमहरु स्वीकृत गर्ने र सोहि बमोजिम युनिसेफ नेपालसँग बजेट माँग गर्ने निर्णय गरियो । | |

## ५. वकालत र सञ्चार कार्यहरू :

गत आ.ब. २०७२।०७३ मा सञ्चारका क्रियाकलापहरु भएको र यस आ.ब. २०७३।०७४ मा विभिन्न बैठकहरुमा पोषणका बिषयमा पैरवि गरिएको छ । चालु आर्थिक बर्षमा सञ्चालन गरिएको क्रियाकलापहरुको सञ्चार कभरेज भएको छ । जिल्लाका तथा राष्ट्रिय सञ्चारमाध्यमहरुमा पोषण सम्बन्धी गतिविधिहरुको समाचार प्रकाशन तथा प्रशारण भई सञ्चार कभरेज बढेको छ ।

## ६. जिल्लाको पोषण प्रोफाइल तयारीको अवस्था :

जिल्लाको पोषण प्रोफाइल तयारी भईसकेको छैन ।

## ७. चुनौती र सवालहरू र तिनलाई सम्बोधन गर्न चालिएका प्रयासहरू :

गत आ.ब. २०७२।०७३ मा अख्तियारी तथा बजेट निकासामा भएको ढिलाईका कारण कार्यक्रम कार्यान्वयनमा चुनौती सिर्जना भएको थियो । गत आ.ब.को चुनौतिलाई ध्यानमा राखेर चालु आर्थिक बर्ष २०७३।०७४ मा जिविसले समयमै बजेट माग गरी कार्यक्रम कार्यान्वयन गरिरहेको छ । जिल्लास्तरिय बहुक्षेत्रीय पोषण योजना सम्बन्धी २ दिने तालिम पूर्व नै धेरै जसो गाविसहरुको गाउँ परिषद सम्पन्न भईसकेकामध्ये केही गाविसमा पोषणतर्फ बजेट विनियोजन गर्न नसकिएको र तालिम पश्चात परिषद भएका गाविसहरुमा पोषणतर्फ कार्यक्रमसहित रकम छुट्याएको जानकारी प्राप्त भएको छ । यसको आधिकारीक प्रतिवेदन आउन बाँकी छ ।

## ८. अघिल्लो आर्थिक वर्षमा प्राप्त सिकाई र नविनतम अभ्यासहरू :

**सिकाई :**

कार्यक्रम समयमै सञ्चालन नहुँदा लक्ष्य प्राप्ती नहुने रहेछ । गत आ.ब.०७२/०७३ मा समयमै कार्यक्रम सञ्चालन नहुँदा जिशिका र पशु सेवा कार्यालयबाट कार्यक्रमहरु सञ्चालन हुन सकेन ।

गाविस सचिव तथा सामाजिक परिचालकहरुलाई सँगै राखेर तालिम दिंदा तालिमको उद्देश्य प्राप्त हुनुका साथै गाविसको योजना तर्जुमा प्रक्रियामा पोषणलाई मूलप्रवाहमा ल्याउन समेत मद्दत पुग्ने रहेछ । गाविसको बार्षिक योजना तर्जुमा प्रक्रियाभन्दा अगावै गाविस सचिव, सामाजिक परिचालक तथा गाविस स्तरीय अभिमुखिकरण गर्न सकिएमा पोषणका सबालहरुलाई गाविसको योजनामा सजिलै राख्न सकिने रहेछ ।

## ९. MSNP कार्यान्वयनमा जिल्ला विकास समितिको मन्तव्य :

बहुक्षेत्रीय पोषण योजना वास्तवमा महत्वपूर्ण रहेको छ । महिला तथा बालबालिकाहरुको पोषणको अवस्था सुधार गर्न नेपाल सरकारले राष्ट्रिय योजना आयोगको अगुवाईमा बहु क्षेत्रिय पोषण योजना ल्याएको एकदम सराहनिय छ । विगतमा स्वास्थ्य क्षेत्रले मात्र पोषणको क्षेत्रमा काम गर्दै आएतापनि पोषणको अवस्थामा सुधार नभएको तथा बिभिन्न अध्ययनहरुले पनि पोषणको अवस्था सुधार गर्न बहुक्षत्रीय समन्वय हुनुपर्ने जोड दिएको हुनाले हामी सबै निकाय एकजुट भएर कुपोषण विरुद्ध काम गऱ्यौं भने अवश्यनै पोषणको अवस्थामा सुधार हुन्छ भन्ने महशुस गरेका छौ ।

यस जिल्लामा पोषणको अवस्था निकै भयावह छ र बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरे अनुरुप काम गरियो भने अवश्य पनि जिल्लाको पोषणको अवस्थामा सुधार हुनेछ भन्ने हामीले विश्वास लिएका छौ । अघिल्लो बर्षमा बजेट निकासा ढिलो भएकोले कार्यक्रम संचालन गर्न कठिनाई भएको थियो । चालु आर्थिक बर्षमा अख्तियारी पनि समयमै आएको र बिषयगत कार्यालयहरुद्वारा जिल्लास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिमार्फत कार्यक्रम स्वीकृत भई युनिसेफ समक्ष बजेट समेत माग गरिएको अवस्था छ । चालु आर्थिक बर्षमा कार्यक्रमहरु पनि प्रभावकारी रुपले संचालन हुनेमा विश्वस्त छौ । पोषणको क्षेत्रमा तालिम प्राप्त दक्ष जनशक्तिका साथै बहुक्षेत्रीय पोषणलाई नै हेर्ने गरी दुई जना कर्मचारीसमेत जिल्लासँग रहेको हुँदा चालु आर्थिक बर्षमा प्रभावकारी रुपमा कार्यक्रमहरु सञ्चालन भई जिल्लाको पोषणको अवस्थामा सकारात्मक सुधार आउनेमा विश्वास लिएका छौं ।

........................................

सुदेव कुमार पोखरेल

(स्थानीय विकास अधिकारी)

स्थानीय विकास अधिकारी